# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, असोज १२ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(ख)


## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।



१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश २०७७" रहेको छ ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी अधिकृत" भन्नाले दफा ८ बमोजिमको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) लाई सम्झनु पर्दछ।

(घ) "बैद्यनाथ क्षेत्र" भन्नाले बैद्यनाथ क्षेत्रभित्र अवस्थित धार्मिक क्षेत्र, बैद्यनाथ दह, संग्रहालय, तिनीहरुका जलाधार क्षेत्र, वन तथा पर्वतीय क्षेत्र, फाँटहरु लगायत उक्त क्षेत्रभित्र अवस्थित सबै किसिमका संरचनाहरु समेतलाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले दफा ३ बमोजिमको समितिको सदस्य सम्झनु पर्छ । सो

शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

३. समितिको गठनः (१) बैद्यनाथ क्षेत्रको प्राकृतिक, वातावरणीय, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण, संवर्द्धन र विकास गर्नका लागि "बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति" नामको एक समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्:-

(क) मन्त्रालयले नियुक्त गरेको प्रदेश भित्र स्थायी बसोबास भएको व्यक्ति - अध्यक्ष

(ख) बैद्यनाथ क्षेत्रको संरक्षण र विकासमा योगदान पुऱ्याउँदै आएका व्यक्तिहरु मध्येबाट कम्तीमा एकजना महिला सहित मन्त्रालयले नियुक्त गरेका चार जना - सदस्य

(ग) साँफेबगर नगरपालिकाको प्रमुख - सदस्य

(घ) अछाम जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) अछाम जिल्लाको डिभिजन वन कार्यालयको प्रमुख - सदस्य



खण्ड ४) अतिरिक्ताङ्क ९(ख), प्रदेश राजपत्र भाग २ मिति २०७७।०६।१२

(च) कार्यकारी अधिकृत - सदस्य सचिव

(३) समितिको गठन मन्त्रालयबाट हुनेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पदावधि नियुक्तिको शपथ लिएको मितिबाट बढीमा चार वर्षको हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (२) को खण्ड (क) र (ख) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बेला हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

४. समितिको अध्यक्ष तथा सदस्यको योग्यता: (१) देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन योग्य हुनेछ:-

(क) प्रदेश भित्र स्थायी बसोबास भएको नेपाली नागरिक,

(ख) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ग) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचिमा नपरेको,

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. पद रिक्त हुने अवस्था: (१) देहायको अवस्थामा समितिको अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछ:-

(क) मन्त्रालय समक्ष निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम निजलाई पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा रिक्त भएको पदको बाँकी अवधिको लागि अर्को सदस्य नियुक्त गर्न सकिनेछ ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैद्यनाथ क्षेत्रको प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण गर्ने, गराउने,

(ख) बैद्यनाथ क्षेत्रको विभिन्न स्थानलाई महत्वका आधारमा धार्मिक क्षेत्र, साँस्कृतिक क्षेत्र, पर्यटकीय क्षेत्र तोकी तदनुसार त्यस क्षेत्रको विकासको लागि योजना तयार गरी कार्यान्यवन गर्ने, गराउने,

(ग) बैद्यनाथ क्षेत्रका ताल तलैया, कुण्ड पोखरी, गुफा, संग्रहालय, वनजङ्गल र मैदान तथा पर्वतीय चट्टानी क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने,

(घ) बैद्यनाथ क्षेत्रमा सरकारी तथा गैरसरकारीस्तरबाट सञ्चालन गरिने





विभिन्न कार्यक्रमहरुमा समन्वय कायम गराउने,

(ङ) पर्यटन व्यवसायी र स्थानीयसँगको सहकार्य गरी तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन र सँस्कृति झल्कने किसिमको ठाउँ-ठाँउमा विश्राम गृह, होटल, लज आदिको निर्माण लगायतका अन्य व्यवस्था गर्ने, गराउने,

(च) बैद्यनाथ क्षेत्रको महत्व दर्शाउन सम्मेलन, गोष्ठी तथा प्रदर्शनीको आयोजना गर्ने, गराउने,

(छ) बैद्यनाथ क्षेत्रको विकास योजना तथा कार्यक्रमको कार्यान्वयनको लागि प्रदेश सरकारको स्वीकृति लिई आवश्यक समन्वय तथा सम्पर्क कायम गरी आवश्यक स्रोत साधन जुटाउने,

(ज) धार्मिक, आध्यात्मिक, जोखिमयुक्त खेलपर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने, गराउने,

(झ) धार्मिक, आध्यात्मिक, खेलपर्यटन, पर्यापर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने, गराउने,

(ञ) वन्यजन्तु, चराचुरुङ्गी, प्राकृतिक सम्पदा, वन र उच्च मूल्यका जडिबुटी आदिको संरक्षण र प्रवर्द्धन गर्ने, गराउने,

(ट) यस क्षेत्रको पर्यटकीय प्रवर्द्धन गरी जनताको आयस्तर वृद्धि गर्ने, गराउने ।

(२) समितिले उपदफा (१) बमोजिम प्राकृतिक संरक्षण सम्बन्धी कामकाज गर्दा वन तथा वातावरणसँग सम्बन्धित कानूनहरुको परिधिभित्र रही गर्नु पर्नेछ ।

७. समितिको बैठक सम्बन्धी कार्यविधिः (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको सदस्य सचिवले बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि नै सदस्यहरुलाई दिनु पर्नेछ ।

तर, कुनै आपत्कालिन स्थितिमा अल्पसूचना जारी गरी बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।





(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले बैद्यनाथ क्षेत्रका प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका सांसद तथा आवश्यकता अनुसार कुनै पदाधिकारी, अधिकृत कर्मचारी तथा सम्बन्धित क्षेत्रसँग सम्बन्धित विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. कार्यकारी अधिकृतः (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी अधिकृत रहनेछ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा मानविकी वा शिक्षाशास्त्र वा वाणिज्यशास्त्र वा पर्यटन व्यवस्थापन वा अर्थशास्त्र वा प्राकृतिक स्रोत व्यवस्थापन वा ग्रामीण विकास सम्बन्धी विषयमा कम्तीमा स्नातक उत्तीर्ण गरेको व्यक्तिलाई मन्त्रालयले कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।

(३) कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा मन्त्रालयले जुनसुकै बखत कार्यकारी अधिकृतको पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,

(ख) समितिको हित विपरीत वा समितिलाई हानी नोक्सानी पुऱ्याउने कुनै काम कारबाही गरेमा,

(ग) पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखाएमा,

(घ) कार्यक्षमताको अभाव देखिएमा,

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी अधिकृतलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) उपदफा(२) बमोजिम कार्यकारी अधिकृतको नियुक्ति नभएसम्म मन्त्रालयले उपदफा (२) बमोजिमको योग्यता पुगेको मन्त्रालय वा मातहत कार्यालयमा कार्यरत कर्मचारी मध्येबाट कुनै कर्मचारीलाई मन्त्रालयले कामकाज गर्नका लागि तोक्न सक्नेछ ।

९. <u>कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u>: (१) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको अल्पकालिन, मध्यकालिन, दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,





(ग) सचिवालय प्रमुखको रुपमा काम गर्ने,

(घ) सचिवालयको काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ङ) सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले गर्नुपर्ने काम गर्ने र

(च) प्रचलित कानून बमोजिमका अन्य काम गर्ने, गराउने ।

१०. <u>कार्यकारी अधिकृतको सेवा सुविधा</u>: प्रदेश सरकारले कार्यकारी अधिकृतलाई प्रदेश सरकारको निजामती सेवाको अधिकृतस्तर सातौंले पाउने तलबभत्ता लगायतको सेवा सुविधा उपलब्ध गराउनेछ ।

११. <u>बजेट सम्बन्धी व्यवस्था</u>: बैद्यनाथ क्षेत्रको विकास र संरक्षणको लागि प्रदेश सरकारले बजेटको व्यवस्था गर्नेछ।

१२. <u>जनशक्ति सम्बन्धी व्यवस्था:</u> (१) समितिले बैद्यनाथ क्षेत्रको विकास, संरक्षण र कार्यसम्पादनको लागि आवश्यकता र औचित्यताको आधारमा आवश्यक कर्मचारी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले राखेका कर्मचारीहरुको तलबभत्ता लगायतका सेवा सुविधाहरुको आर्थिक दायित्व समितिको आफ्नै आन्तरिक स्रोतबाट व्यहोरिनेछ ।

१३. <u>समितिको कोष</u>: (१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा बापत प्राप्त रकम र

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको नेपाल भित्रको कुनै "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिलाई जुन कार्यक्रम वा प्रयोजनको लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनमा खर्च गर्नु पर्नेछ।

(६) समितिको खाता कार्यकारी अधिकृत र समितिले तोकेको कुनै सदस्य वा समितिको कुनै कर्मचारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।





१४. <u>लेखा र लेखापरीक्षण:</u> (१) समितिको आयव्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) प्रदेश सरकार वा मन्त्रालयले समितिको आयव्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१५. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने:</u> (१) समितिले आफ्नो कार्य सुचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. <u>बैठक भत्ता:</u> समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिएबापत प्रचलित कानून बमोजिम बैठक भत्ता लिन सक्नेछन् ।

१७. <u>निर्देशन दिन सक्ने:</u> प्रदेश सरकार वा मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. <u>प्रदेश सरकारसँग सम्पर्क:</u> समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. वार्षिक प्रतिवेदन पेश गर्नेः समितिले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य, समितिको वार्षिक नीति, योजना र कार्यक्रम कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र समितिबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्रदेश सरकार आफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नु पर्नेछ ।

२०. समितिको कार्यालयः समितिको कार्यालय मन्त्रालयले तोकेको स्थानमा रहनेछ ।

२१. कार्यसञ्चालन विधि बनाउन सक्नेः (१) यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक कार्यसञ्चालन विधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको कार्यसञ्चालन विधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) उपदफा (१) बमोजिम कार्य सञ्चालन विधि बनाउँदा प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।





२२. बाधा अड्काउ फुकाउनेः यस गठन आदेशको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७७।०६।१२

आज्ञाले,<br>
यज्ञनाथ दाहाल<br>
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. १०।-